बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

मितिः २०८३/०७/१८

दाबी–विरोध सम्बन्धी ३ दिने सार्वजनिक सूचना

विषय: रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिहरूको विवरण सम्बन्धमा दाबी–विरोध पेश गर्ने बारे ।

प्रस्तुत विषयमा मिति २०८३/०५/१० गते रसुवा भोटेकोशी बाढीका कारण बेपत्ता भएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयहरूबाट स्थलगत रूपमा विवरण यकिन गरी सिफारिस सहितको नामावली यस नगरपालिकामा प्राप्त भएको छ । उक्त नामावलीमा समावेश भएका व्यक्तिहरूको विवरणमा कुनै त्रुटि, छुट वा दोहोरो प्रविष्टि रहेको भएमा वा उक्त विवरण उपर कसैको कुनै दाबी–विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले **३ (तीन) दिनभित्र** आवश्यक प्रमाण तथा कागजात सहित यस नगरपालिकाको कार्यालयमा लिखित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको अवधिभित्र कुनै दाबी–विरोध प्राप्त नभएमा प्राप्त विवरण तथा उपलब्ध प्रमाणका आधारमा प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

दाबी–विरोध पेश गर्ने स्थान: बाणगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, योजना शाखा, कोठा न. ५

सम्पर्क नं.: ९८५७०५०९३१, ९८४७१९२२८४, ९८५७०८७१११, ९८५७०५१०९४

संलग्न कागजात: नागरिकता वा नाता प्रमाणित हुने कागजात तथा दाबी पुष्टि गर्ने अन्य प्रमाणहरू ।

संलग्न विरण: सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई प्राप्त बेपत्ता व्यक्तिहरूको नामावली ।

सि.न.	बेपत्ता नागरिकको नाम थर	बेपत्ता कायमका लागि निवेदन दिने व्यक्तिको नाम	ठेगाना	पेशा	कैफियत
१.	जंगे थारुको नाती नोखे थारुको छोरा महेन्द्र चौधरी	कल्पना थारु	बाणगंगा नगरपालिका वडा न. २, पिपरा	नेपाली सेनामा कार्यरत	
२.	डेमकान्त अधिकारीको छोरा सिता पाण्डेको श्रीमान जीवलाल पाण्डे	सिता पाण्डे	बाणगंगा नगरपालिका वडा न. ३, कपिलवस्तु	हेटौडा कुलेखानी तेस्रो हाईड्रोपावरमा कार्यरत	

२०८३/७/१८

ईश्वरी प्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

ईश्वरीप्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत